# माडी गाउँपालिका

लुम्बिनी  प्रदेश, नेपाल

## वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७८/७९

२०७८ असार १० गते

आर्थिक वर्ष ०७८/०७९ को पहिलो गाउँ सभा तथा यस गाउँपालिकाको दशौँ गाउँसभामा

राजनैतिक दलका प्रतिनिधिहरु ,

अन्य कर्मचारी मित्रहरु,

यस सम्मानित सभाका सदस्यज्यूहरु,

पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु,

सम्पूर्णमा नमस्कार

**पृष्ठभुमि**

नेपाली समाजलाई राजनैतिक आर्थिक लगायतको क्षेत्रमा रुपान्तरण गरी अब्बल र समृद्ध देश नेपाल विश्व सामु चिनाउने महान उद्धेश्य राखि वि. सं २००६/२००७ साल वरीपरि देखि २०२८ को झापा विद्रोह २०३६ सालको बहुदल वा निर्दल बारे जनमत संग्रह २०४६ सालको पंचायती शासन विरुद्धको जनआन्दोलन २०५२ देखि २०६२ सम्मको महान जनयुद्ध र २०६२/०६३ सालको वृहत जन आन्दोलन यी तमाम समय तथा काल खण्डमा गरी करिव ७० वर्ष लामो संघर्ष र बलिदान बाट प्राप्त संघियता,गणतन्त्र,धर्म निरपेक्षता र समावेशीताको कार्यन्वयनको चरण वा प्रकृयामा यतिबेला हामी छौ । यो सन्दर्भमा हरेक परिवर्तन मुखी आन्दोलनमा बलिदानको कोटा पुरा गर्न आफुलाई बलि भेडीमा चढाए महान उपलब्धी सँग अमूल्य रगत साट्नुहुने महान शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु, र यी परिवर्तनको प्रकृयामा घाईते अपाङ्ग भई अपाङ्ग जीवन जीइरहेका सम्पूर्ण घाईते अपाङ्गहरुको स्वास्थ्य लाभको कामना गर्दछु । शहिदका सपना,आम नेपाली जनताको चाहाना तत्कालका लागी सापेक्षित रुपमा २०७२ सालको संविधानमा सुनिश्चित भएको छ । बाँकी सपना र चाहानाहरु पुरा गरी वैज्ञानिक समाजवाद मानव समान्ताको सुन्दर समाजमा पुग्न हाललाई वर्तमान संविधान र संविधानले प्रदान गरेको हक र अधिकारलाई उपयोग र कार्यन्वयन गर्नुको विकल्प छैन ।

समिक्षा,

नेपालमा संविधानले सुनिश्चितता गरेको तीन तहका सरकार मध्ये जनताको नजिकमा रहेको सरकार स्थानीय सरकार हो तर इतिहासमै पहिलो पटक स्थानीय सरकार संचालन गर्ने अवसर मिल्यो । कुनै पनि सरकारका आफ्ना अवयवहरु खडा भएका हुन्छन् । मुलतः सरकारका तीन क्षेत्रहरु कार्यपालिका, न्यापालिका र व्यवस्थापिका नभई  सरकार, सरकारको रुपमा चल्न सक्दैन । यि तीन वटा संवैधानिक अङ्गहरुको क्षेत्रमा मुख्य भूमिका सरकार संचालनमा एकले अर्कोलाई चेक एण्ड व्यालेन्स (नियमन) गर्नु हो । जसका लागि ऐन, कानून र कार्यविधि जरुरी छ ।

यहिनेर स्थानीय सरकार संचालनमा रहेका जनप्रतिनिधि,पार्टी वा नेताहरु विभिन्न सामाजिक क्षेत्रका अगुवा र आम जन्ताले एउटा समिक्षा गर्नुपर्दछ कि संघिय संरचनात्मक व्यवस्था असफल हुने तिर गइरहेको भन्ने होइन कि स्थानीय सरकारहरु सवल, सक्षम र वलियो हुनको लागि जनप्रतिनिधि र कर्मचारीको अनुभव क्षमता र विज्ञता जरुरी रहन्छ । हाम्रो माडी गाउँपालिकाको सन्दर्भमा माथी उल्लेखित समस्याहरुबाट क्रमश अनुभव, क्षमता विकास, ऐन, कार्यविधि निर्माण र कार्यान्वयनमा गईरहेकाछौ र सरकारको रुपमा आत्मनिर्भर सवल सक्षम र बलियो हुने प्रक्रियामा छौं ।

**२०७७/०७८ को संक्षिप्त समिक्षा**

गत आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम अर्थात सभाबाट पारित भएका योजनाहरु ठेक्का लागेका र केहि दोस्रो गाउँसभाबाट संशोधन गरिएका योजनाहरु भुक्तानी लिन बाँकी र कार्यसम्पन्न गर्न बाँकी रहेतापनि निर्धारित समय भित्र सम्पूर्ण योजना सम्पन्न हुने छन् । नेपालको विकास प्रणाली असारे विकास गर्नु यो महारोग हामीमा पनि रहि आएको छ । यद्धपि यस्ता ढिला सुस्ती नगरी छिटो जनतालाई विकास दिने प्रयत्न भने नभएको होइन । योजना संचालनका लागि समय, सिजन र कार्यालयबाट हुनुपर्ने सबै बातावरण बनिसकेकोबेला कोभिड १९ को कारण रोल्पा जिल्ला नै लकडाउन हुँदा योजना संचालनमा प्रभाव परेता पनि स्वास्थ्य शिक्षा, कृषि खानेपानी भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनीय काम भएका छन ।

आ.व ०७७/०७८ को अनुमानित वजेट रु.३९,१६,३६,५२६।- (उनन्चालिस करोड सोह्र लाख छत्तिस हजार पाँच सय छब्बीस मात्र ) मध्ये चालु तर्फ २६,८७,२८,०००।- (छब्बीस करोड सतासी लाख अठ्ठाइस हजार मात्र) र पुँजीगत तर्फ १२,२९,०८,०००।- (बाह्र करोड उन्तिस लाख आठ हजार मात्र) विनियोजित गरिएको थियो । आज मिति २०७८/०३/१० गते सम्म यस सम्माननीय सभामा बास्तविक खर्च प्रतिशतमा ६१ % चालु तर्फ र ४६% पुँजीगत तर्फ भएको जानकारी गराउदछु ।

यस सम्मानीत सभामा सहभागी सम्पूर्ण महानुभावहरु,सभाका सदस्य ज्यूहरु, अब म

आ.व.२०७८/०७९ को निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । यस आ.व.मा हाम्रो गा.पा.को जम्मा वजेट रु. ३६,००,३५,३८३ (छत्तिस करोड पैतिस हजार तिन सय तिरासी मात्र) रहेको छ । जस मध्ये

**नेपाल सरकार अन्तर्गत ( जम्मा रु. ३१,५३,४६,०००।- (एकतिस करोड त्रिपन्न लाख छयालीस हजार मात्र))**

- समानीकरण अनुदान रु. ८,२७,००,०००।- (आठ करोड सत्ताइस लाख मात्र )
- शसर्त अनुदान चालु रु. १४,०६,००,०००।- (चौध करोड छ लाख मात्र )
- शसर्त पुँजीगत रु. ८१,००,०००।- (एकासी लाख मात्र )
- विशेष अनुदान पुँजीगत रु. १,२६,००,०००।- (एक करोड छब्बीस लाख मात्र )
- सम्पुरक पुँजीगत रु. ४२,००,०००।- (बयालीस लाख मात्र )

राजश्व बाडफाँड संघीय सरकार रु. ६,७१,४६,०००।- (छ करोड एकत्तर लाख छयालीस हजार मात्र )

**प्रदेश सरकार अन्तर्गत (जम्मा रु. ३,८६,८९,३८३।- (तीन करोड छयासी लाख उनानव्वे हजार तिन सय तिरासी ))**

- वित्तीय समानीकरण रु. ३८,२५,०००।- (अठ्तीस लाख पच्चिस हजार मात्र)
- शसर्त अनुदान रु. ८५,४४,०००।- (पचासी लाख चवालिस हाजर मात्र )
- वेशेष अनुदान रु. ६०,००,०००।- (साठी लाख मात्र )
- सम्पुरक अनुदान रु. १,५०,००,०००।- (एक करोड पचास लाख मात्र )

प्रदेश सरकार राजश्व बाडफाँड रु. ५३२०३८३।- ( (त्रिपन्न लाख बिस हाजर तिन सय तिरासी )

**गाउँपालिकाको अन्तरिक श्रोत तर्फ** रु. ६०,००,०००।- (साठी लाख मात्र )

निती तथा कार्यक्रमको परिकल्पना वा लक्ष्य निर्धारण गर्दा गाउँपालिका र जनताको तत्कालिन आधारभूत कुरा र केहि दिर्घकालिन महत्वको कुरालाई सम्वोधन हुने गरी निती तथा कार्यक्रम बन्न सक्नु पर्दछ । तर हाम्रो चुनौति सिमित श्रोतले धेरै समस्याहरु समेटन खोज्दा वजेट वितरण मुखि हुने र योजना दिगो नभई कम्जोर बन्ने परिणाम मुखि र दिगो विकास गर्न खोज्दा तत्कालिन समस्याहरु समाधान नहुने यी अप्ठ्यारो बीच बाट निती तथा कार्यक्रमहरु निर्धारण गरेको छु।

आगामी आ.व २०७८/०७९ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको निम्न विषयलाई आधारको रुपमा लिईएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छु।

- नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु )
- स्थानीय सरकार संचालन ऐन २०७४
- अन्तर- सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९
- बालमैत्री स्थानीय शासन कार्यविधि तथा रणनीति,२०६८
- स्थानीय निकाय लैंगिक परिक्षण कार्यविधि २०६८
- नेपाल सरकारको नीति तथा कार्यक्रम र चालु बजेट
- प्रदेश सरकारको नीति तथा कार्यक्रम
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४
- गाउँपालिकाका चालु ऐन नियम कार्यविधि र निर्देशिकाहरु
- नेपाल सरकारको चालु पन्ध्रौ योजना
- दिगो विकास लक्ष्य २०१६-२०३०

**सामाजिक विकास तर्फः**

**१. स्वास्थ्य :**

- विश्वव्यापी महामारीकोरुप लिई  झण्डै ४० लाख मानीसहरुको ज्यान लिईसकेको कोरोना भाईरस हाल पनि दोस्रो भेरिएन्ट हुँदै अव तेस्रो रुप लिएर व्यापक फैलिन सक्ने संभावना रहेको छ। कोरोनाकै कारण हाम्रो पालिकामा जम्मा ७ जनाको मृत्यु भइसकेको छ, भने ७९ जना संक्रमित हुनु हुन्छ। तत्काल र भविष्यमा कोरनाको संकरमण र मृत्युबाट हाम्रो गाउँपालिका भित्रका जनतालाई संक्रमण र मृत्युबाट  बचाउँन  सबै तयारी र वजेटको व्यवस्था गरिने छ।
- स्वास्थ्यको क्षेत्रमा गरि आएको सवै क्रियाकलापलाई निरन्तर दिईने  छ।
- प्रोटोकल अनुसार गर्भ जाँच गरी सुत्केरी भएका आमालाई सुत्केरी भएको मिति देखि ६ महिना सम्म आमा पोषण भत्ता प्रदान गरिनेछ, भने उक्त आमाबाट जन्मीएका शिसु ६ महिना पुगेपछी आमालाई पोषण युक्त भत्ता कटाइ थप ६ महिनाकोलागी वाल पोषण भत्ता  दिइनेछ।
- जनताको स्वास्थय परिक्षण गरी समयमै रोगको पहिचाहन गर्न र रोगको उपचार गरी निरोगी बनाउन सबै वडामा ल्याव सेवा विस्तार गर्दै लगिनेछ ।
- निशुल्क उपलव्ध गराउने भनि तोकिएका औषधिहरुको आपूर्तिलाई सर्वशुलभ र सहज बनाईनेछ। साथै गाउँ क्षेत्र भित्रका सरकारी अस्पताल आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई केन्द्र र  स्वास्थ्य चौकीहरुमा औषाधिको अभाव हुन दिईनेछैन।
- कोभिड -१९ तथा अन्य सरुवा रोग लगायत विपद व्यवस्थापनाका लागि स्थापित कोषमा रकम सुनिश्चित गरिनेछ । सो कोषबाट महामारीमा खटिने स्वास्थ्यकर्मिलाई प्रोत्साहन रकम उपलव्ध गराईनेछ।
- स्वास्थ्यका सूचाङ्कका बारेमा नियमित छलफल गर्न मासिक बैठक संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ।
- अति आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्न जनशक्ति अभाव भएको स्वास्थ्य संस्थामा करार सेवामा कर्मचारी भर्ना गर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिका क्षेत्रमा संचालन भएका अस्पताल, किल्निक तथा औषधी पसलहरु अनुगमन गरि मापदण्ड अनुसार संचालन गरिनेछ।
- समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन सम्बन्धि कार्यक्रमलाई गुणस्तरीय बनाउन महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई स्वास्थ्य क्षेत्रमा थप जिम्मेवारी प्रदान गर्न स्वास्थ्य संचालन तथा व्यवस्थापन समितिको  काम कर्तव्य जिम्मेवारीको बारेमा अभिमुखीकरण गरिनेछ।
- संस्थागत सुत्केरी सेवालाई पूर्णतया लागु गरी कार्यान्वयन गर्दै पूर्ण संस्थागत सुत्केरी युक्त वडा घोषणा गर्ने नीति लिईनेछ।

- माडी गाउँपालिकाको घर्तिगाउँमा अवस्थित सहरी विकास आँखा केन्द्रलाई थप व्यवस्थित गर्नको लागि आवश्यक सहयोग गरिनेछ।

**२. आयुर्वेद तर्फ:**

- नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई अझ व्यवस्थित र विस्तार गरिनेछ।
- माडी गाउँपालिका भित्रका जनताहरुलाई आयुर्वेद औषधालयबाट सहज रुपमा निशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ।
- अत्यावश्यक औषधि, उपकरण तथा सुरक्षा सामाग्रीहरुको उपलव्धतामा कमी आउन नदिन अत्यावश्यक औषधि, उपकरण तथा सुरक्षा सामाग्रीहरु खरिद तथा आपूर्तिको व्यवस्थालाई सहज बनाईनेछ।
- यस गाउँपालिकामा आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न अत्यावश्यक सहित अन्य औषधि समेत पाउने व्यवस्था मिलाईनेछ।
- आयुर्वेद स्वास्थ्य सेवामध्य पंचकर्म (पुर्वकर्म) अन्तर्गत स्नेहन र स्वेदन सेवा संचालन गरी नसा सम्बन्धि रोगहरुको न्यूनीकरण गरिनेछ।
- अत्यावश्यक आयुर्वेद सेवा प्रवाह गर्न जनशक्ति अभाव भएमा करार सेवामा कर्मचारी भर्ना गर्ने व्यवस्था गरिनेछ।
- मेरो स्वास्थ्य मेरो जिम्मेवारी लाई अघि बढाउँन निरोगी नेपाल अभियान भन्ने कुरालाई बोध गराई स्वस्थ आहार व्यवहारको माध्यमबाट स्वास्थ्य जीवनशैली अपनाउन प्रेरित गरिनेछ।
- यस गाउँपालिकाभित्र रहेका स्तनपायी आमा तथा शिशुका लागि सो सँग सम्बन्धित औषधी वितरण गर्न सवै संस्था सँग समन्वय गरी औषधि दिने व्यवस्था मिलाइने छ।
- यस औषधालयबाट सर्ने तथा नसर्ने रोगहरुको बारेमा बच्ने उपाय तथा विभिन्न माध्यमबाट न्यूनीकरणको लागि सल्लाह र सुझाब दिइनेछ।
- यस गाउँपालिकामा पाइने औषधी गुणयुक्त जडीबुटीहरुको पहिचान ,उपयोगिता र प्रयोग गर्ने विधिको बारेमा जानकारी आदान प्रदान गरिने छ।
- स्थानीय स्तरमा रहेका धाँमी , झाक्री ,वैद्य तथा जडीबुटी सम्बन्धि ज्ञाताहरुलाई सचेतना कार्यकम संचालन गरी जनचेतना प्रदान गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको स्वास्थ्य संरक्षण र प्रवर्द्धन सेवा संचालन गर्न शक्तिबर्धक तथा रसायन औषधिहरुको व्यवस्था मिलाइनेछ।
- रोग प्रतिरोधात्मक औषधिहरुको व्यवस्थापन गरी शरीरमा विषाणु तथा जीवाणुको संक्रमणलाई न्यूनीकरण गरिनेछ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमद्वार विद्यार्थीमा जनचेतना अभिवृद्धि गरिनेछ।

- यस औषधालयमा रेकडीङ, रिपोर्टिंग  तथा इन्टरनेटको पहुँचमा पुर्याउन आवश्यक व्यवस्था मिलाइने छ।
- कार्यालय संचालन तथा संचार सेवा इन्टरनेट जडान गरी सेवा प्रवाह रिपोर्टिंगमा सहजता ल्याइनेछ।

## ३. शिक्षा युवा तथा खेलकुद :

- माडी गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई प्रतिविम्बित गर्ने शिक्षा पाश्वचित्र (Education Profile) तयार गरिनेछ ।
- विद्यार्थीहरुको पहिलो पाठशाला घर तथा पहिलो शिक्षक अभिभावक भएको यथार्थलाई मध्यनजर गर्दै घरघरमा पढाई कुना अभियान संचालन गरि अभिभावकहरुलाई विद्यार्थिको  पढाईमा नियमित जोड्ने कार्यक्रम संचालन गरिनेछ। सो कार्यक्रमको नियमित अनुगमन गरी प्रभावकारी बनाईनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई यथाशिघ्र कोभिड विरुद्धको खोपको लागि पहल गरिनेछ। तत्कालको स्वास्थ्य सुरक्षाको लागि सम्पूर्ण विद्यालयहरुलाई केहि रकम अनुदानको रुपमा प्रदान गरिनेछ।
- चौमासिक निकासाबाट त्रैमासिक बनाईएको शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलवभत्ता निकासालाई द्धैमासिक बनाईनेछ। यसै आ.व. को पहिलो निकासापछी शिक्षकहरुको तलब सम्बन्धि उनीहरुको बैंक खातामा जाने व्यवस्था गरिनेछ।
- मेरो विद्यालय मेरो फुलबारी अभियान संचालन गरि उत्कृष्ट बगैचा वा फुलबारी बनाउने विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- महिनावारिका कारण छात्राहरुको स्वास्थ्य र पठन पाठन नबिग्रियोस भन्ने उद्धेश्यले कक्षा ६ देखि माथिका सम्पूर्ण छात्राहरुको लागि निशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिईनेछ। साथै आवश्यकता हेरी तल्लो कक्षाहरुमा समेत निशुल्क स्यानिटरी प्याड वितरण कार्यको प्रारम्भ गरिनेछ।
- शिक्षक छनौटको परीक्षालाई थप व्यवस्थित र पारदर्शी बनाउने उद्धेश्यले कार्यविधि बनाई शिक्षक छनौटको परिक्षा संचालन आर्थिक दायित्व गाउँपालिकाले व्यहोर्ने छ।
- शिक्षालाई प्रविधिमैत्री बनाउन तथा शिक्षकहरुलाई नविन अभ्यास र ज्ञानसँग अद्यावधिक गराई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्धेश्यले कम्तिमा कक्षा ८ संचालित विद्यालयहरुलाई गत वर्ष देखि प्रदान गरिएको इन्टरनेट सहयोग शुल्कलाई निरन्तरता दिईनेछ।
- कोभिड महामारीका कारण नियमित विद्यालय संचालन हुन नसकेको अवस्थामा सिकाईलाई निरन्तरता प्रदान गर्न  वैकल्पिक माध्यमबाट सिकाई सहजीकरण गरिनेछ। कोभिडका कारण उत्पन्न परिस्थितिमा सिकाई प्रभावकारी बनाउन युवा क्लव, आमा समूह आदिजस्ता सामाजिक संघ संस्था संग सहकार्य गरिनेछ।

- वर्षमा कम्तिमा १ पटक रनिंग शिल्ड, अध्यक्ष कप वा जस्तै प्रकृतिको कार्यक्रम गरि खेल विकासमा जोड दिईनेछ । विभिन्न दिवस तथा अवसरहरुमा गाउँपालिकास्तरीय बौद्धिक , शारिरीक तथा मनोरन्जनात्मक कार्यक्रमहरु गरि विधार्थीहरुको चौतर्फी विकासमा जोड दिईनेछ।
- हरेक वालवालिकाको लागी आधारभूत तह सम्म निशुल्क र माध्यमिक तह सम्मको लागी अनिवार्य शिक्षा प्रदान गर्ने राज्यको नीतिलाई लागु गर्न कुनै पनि तहको विद्यालयमा आफ्ना वालवालिकालाई विद्यालय नपठाउनेलाई घरदैलो अभिमुखीकरण कार्यक्रम लागु गरिने छ।

**आर्थिक विकास तर्फ :**

- गाउँपालिकाको मुख्य पेशा कृषि जडिबुटी संकलनमा आत्मनिर्भर हुने भएकोले एक गाउँ दुई पकेट क्षेत्रको नीतिलाई अबलम्बन गरिनेछ।
- कृषि उपजलाई उचित्त बजारको पहुँच प्रदान गर्नको लागि कृषि सहकारीलाई प्रवर्द्धन गरिनेछ।
- नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए बमोजिम स्थानीय कर, (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेशन शुल्क , सवारी साधन कर ) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, भुमि कर (मालपोत) विज्ञापन कर, व्यवसाय कर, दण्ड जरिवाना , मनोरंजन कर , मालपोत संकलन स्थानीय तहको अधिकारमा रहेको हुँदा करको दायरा बढाउन यी क्षेत्रमा राजश्व संकलन गरिनेछ।
- स्थानीय तहमा उपलव्ध हुने र उत्पादन हुने खनिज पदार्थ, जडीबुटी, लगायत अन्य कच्चा पदार्थको विक्री र प्रवर्द्धन गरि राजश्व वृद्धि गर्ने नीति लिईनेछ।

**१. कृषि :**

- कृषिकर्मी रोजगार कार्यक्रम अन्तर्गत निशुल्क उन्नत बिउ बिजन बिरुवा प्रदान तथा कृषकलाई सबै वडाहरुमा प्राविधिक परामर्श सेवा प्रदान गरिनेछ।
- सहकारी, किसान र गाउँपालिकाको संयुक्त पहलबाट किसानहरुको उत्पादित वस्तु मूल्य निर्धारण गरि घर्तिगाउँमा एक सुलभपसल संचालन गर्ने यदी किसानले उत्पादन गरेका वस्तुको मूल्य घटेमा घटेको मूल्य गाउँपालिकाबाट क्षतिपूर्ति दिईनेछ।
- कोरोना पिडित युवा कृषकहरुलाई निशुल्क औजार विरुवा तथा बिउ खरिदकालागी अनुदान उपलव्ध गराईनेछ।
- कृषकलाई ५०% अनुदानमा औजार उपकरण वितरण गरिनेछ।
- फलफुल व्यवसायीहरुलाई व्यवसायीकरण विविधिकरण गर्नका लागी कृषकका घरदैलोमा पुगी प्राविधिक सेवा दिदै आएका एग्रोभेट व्यवसायीहरुलाई हौसाल प्रदान गर्नका लागि औजार उपकरणमा अनुदान तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।
- कृषक हरुलाई उन्नत तथा आधुनिक प्रविधि हस्तान्तरण गर्नका लागी विभिन्न तालिमको व्यवस्था गरिनेछ।

- कृषकका मागमा आधारित कृषि अनुदानका कार्यक्रमहरु तयार गरी कार्यान्वयन गरिनेछ ।
- वडामा पकेट क्षेत्रमा विकास तथा विस्तार गरि कार्यक्रमहरु संचालन गरिनेछ ।
- एक वडा एक कृषि पाठशाल संचालनको व्यवस्था गरिनेछ ।
- बास्तविक किसानलाई व्यवसायिक बनाउन बैंकबाट बिना धितो ऋणलिने नीतिलाई निरन्तरता दिन ने.बै.लि घर्तिगाउँ शाखा सँग बजेट साझेदारी गरिनेछ ।
- प्रत्येक हप्ताको एक दिन कृषि हाट बजारको व्यवस्था गरिनेछ ।

**२. पशुपालन :**

- पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत बिरामी पशु पंक्षीहरुको निशुल्क चेकजाँच तथा औषधि वितरण उपचार र कृषकलाई प्राविधिक परामर्श सेवा प्रदान गरिनेछ ।
- पशु आहारा व्यवस्थापन तर्फ कृषकहरुलाई निशुल्क डाले तथा भुइ घाँसका विरुवा तथा बिउ उपलव्ध गराईनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम तर्फ गाई, भैसी तथा बाख्रा निशुल्क कृत्रिम गर्भाधान को व्यवस्था मिलाईनेछ ।
- पशुपंक्षीमा महामारी रोग निदान गर्नकालागि प्रयोगशालाको थप क्षमता विकासको व्यवस्था गरिनेछ ।
- पशुपालन व्यवसायहरुलाई व्यवसायीकरण विविधिकरण गर्नका लागि कृषक का घरदैलोमा पुगी प्राविधिक सेवा दिंदै आएका पाराभेट हरुलाई हौसला प्रदान गर्नका लागि औजार उपकरणमा अनुदान तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- किसानका समस्याहरु प्राविधिक सम्म पुर्याउनका लागि हेलो किसान कार्यक्रमको बजेट व्यवस्था गरिनेछ ।
- कृषि तथापशुपंक्षीको तथ्य संकलनका लागि सफ्टवेयरको विकास गरि डाटा संकलन र व्यवस्थापनको काम आगाडी बढाईनेछ ।
- पशुपंक्षी महामारी रोगहरुको संक्रमण कम गर्नका लागी वडाहरुमा पशु स्वास्थ्य तथा रेबिज रोग नियन्त्रणका शिविर संचालन क्रियाकलाप गरिनेछ ।
- बाख्रा पकेट क्षेत्रहरुमा बाहिरी परजीबी नियन्त्रण गरि उत्पादन तथा उत्पादकत्व बढाउनका लागि डिपि ट्यांकीको निर्माण गरिनेछ ।

**भौतिक पूर्वाधार तर्फ :**

- आ.व २०७७/०७८ को बजेटबाट निर्माणाधीन क्रमागत योजनाहरु यस वर्ष सम्पन्न गरिनेछ ।
- सार्वजनिक जग्गा पहिचान गरि संरक्षण र उपयोग गर्ने नीति लिईनेछ ।

- भौतिक पूर्वाधार अभावमा सेवा प्रवाहमा कठिनाई भई कार्य सम्पन्न गर्ने समस्या भई रहेको स्वास्थ्य चौकी, शैक्षिक संस्था वडा कार्यालयको संरचना को स्तरोन्नति गरिनेछ।
- सिंचाई योजना तथा एक घर एक धारा को व्यवस्थापनका लागि आवश्यक कार्य अगाडी बढाईने छ।
- वडा कार्यालय जोड्ने मोटरबाटो स्तारोन्नती गरि वडा देखि गाउँपालिका सम्मको पहुँचमा सहजता ल्याईनेछ ।
- कार्यविधिको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत बेरोजगार र श्रमिक परिचालन गरिनेछ ।
- दिनानुदिन बजारीकरण भईरहेको घर्तिगाउँलाई व्यवस्थित बनाउन घर नक्सा पास कार्यविधि पारित गरि सोहि अनुसार कार्य आगाडी बढाईनेछ।
- सबै सडकहरु कम्तिमा ६ मिटर चौडा बनाईनेछ।
- प्राविधिक शक्तिलाई अझ दक्ष बनाई कार्य कौशालतामा वृद्धि गरि कार्य अगाडी बढाउन तालिमको व्यवस्था गरिनेछ। साथै कार्यदक्षतामा वृद्धि गर्न साधन प्राविधिक Equipments सवारी साधन थप गरिनेछ।
- जनश्रमदान गर्न नसकिने निर्माण योजनाहरुमा ठेक्का मार्फत कार्य गराउने र उपभोक्ता समिति मार्फत गर्नुपर्ने योजनाहरुलाई योजनाको प्रकृति अनुसार दश देखि तिस प्रतिशतसम्म जनश्रमदान गर्ने व्यवस्था मिलाईनेछ।
- अन्तर गाउँपालिका जोड्ने मोटर बाटोलाई प्राथमिकता दिईनेछ।
- गाउँपालिका र प्रत्येक वडामा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरु सँग बजेट साझेदारी गरी साना तथा आधारभूत योजनाहरु सम्पन्न गर्ने नीति लिईनेछ।

**योजना तथा कार्यक्रम तर्फ:**

- उपभोक्ता हित संरक्षणको लागि उपभोक्ता समिति र योजना तथा भौतिक पूर्वाधार शाखाका कर्मचारीलाइ तालिमको व्यवस्था गरिनेछ।
- तालुक निकायहरुबाट बारम्बार पत्राचार हुने गरेको र प्रदेश योजना आयोगले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएको र प्रविधिमैत्री सेवा प्रबाह आजको आवश्यकता भएकोले योजनाका कार्यलाई सफ्टवेयर मार्फत समाहित गर्नको लागि सफ्टवेयर व्यवस्था गरिनेछ।
- दिगो विकास लक्ष्यका सूचकहरुलाई प्राथामिकतामा राखी योजना तथा कार्यकमहरु बनाईनेछ ।
- संघीय तथा प्रदेश सरकारले प्राथमिकतामा राखेका क्षेत्रलाई विशेष ग्राहयता दिईनेछ।
- बस्ति स्तरबाट माग भएका रोजगारी सिर्जना हुनसक्ने वातावरणमा सकेसम्म कम असर पर्ने र स्थानीय सहभागी जुट्न सक्ने बढी जनसंख्या लाभान्वित हुने तथा क्रमागत योजना हरुको कार्यान्वयनमा प्राथमिकता दिईनेछ। कम लगानीमा बढी भन्दा बढी जनसंख्या पूर्वाधार निर्माणलाई ध्यान केन्द्रित गरिनेछ।

**वन वातावरण तथा विपद व्यवस्थापन नीति :**

- अन्तर वडा नर्सरी स्थापनाको कार्यलाई अभियानको रुपमा लगिनेछ।
- विपदमा परेका परिवारलाई पुन: स्थापना गर्ने स्थानको व्यवस्थाका साथै जिविकोपार्जनमा टेवा पुर्याउने कार्य समेतलाई निरन्तरता दिईनेछ।
- वातावरण तथा विपद व्यवस्थापन समितिको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- विपद व्यवस्थापनका लागि आवश्यकताका आधारमा युवाहरुको समूह गठन गरि आवश्यकता अनुसार परिचालन गरिनेछ।
- विपद व्यवस्थापनका लागि अन्य पालिका, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरु सँग आवश्यक सहयोग र समन्वयको लागि पहल गरिनेछ।

**सेवा प्रवाह सुशासन तथा संगठनात्मक संरचना तर्फ :**

- गाउँपालिका र यस मातहतका कार्यालयलाइ आवश्यक पर्ने जनशक्तिको यकिन गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।
- कार्यबोझ तथा कार्यप्रकृतिका आधारमा आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था मिलाईनेछ ।
- गा. पा. अन्तर्गतका वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउनको लागि इन्टरनेट तथा सोलार इन्भर्टरको व्यवस्था मिलाईनेछ ।
- क्षमतावान र उत्साहित कर्मचारीले सेवा प्रवाहलाइ प्रभावकारी बनाउने र यसको प्रतिविम्भ भनेको समग्र गा.पाको प्रतिनिधित्व गर्ने भएकोले गा.पा.अन्तर्गतका हरेक कर्मचारीलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाउने।
- कर्मचारीलाई कार्यसम्पादन गर्न आवश्यक सामग्री आवश्यकता अनुसार समानुपातिक ढंगले उपलबध हुने व्यवस्था मिलाईनेछ ।
- हरेक शाखाले प्रत्येक त्रैमासिकमा अनिवार्य प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने र सम्भव भएसम्म प्रत्येक महिनाको अन्तिम सातामा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुको समीक्षा वैठक बस्ने प्रबन्ध मिलाईनेछ ।
- गुनासो व्यवस्थापन गर्नको लागि गुनासो सुनिश्चित संस्थाको विकास गरिनेछ ।
- अनुगमन, मूल्यांकन कार्यलाई थप वैज्ञानिक र प्रभावकारी बनाईनेछ।
- भ्रष्टाचार सम्बन्धि शुन्य सहनशीलता अवलम्बन गर्नको लागि सम्बन्धित समितिलाई उचित तालिम र परामर्शको व्यवस्था गरी प्रतिवेदन पेस गर्ने परिपाटी मिलाईनेछ ।

- कार्यालयभित्र हुने लैंगिक तथा वर्गीय विभेदको समाधान गर्न उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरिनेछ ।
- कार्यसम्पादन गर्दा आइपर्ने समस्याहरुलाई सम्बोधन गर्नको लागि आवश्यकता अनुसार मौखिक वा लिखित तरवबाट गुनासो गर्ने र अभिलेख राख्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन अभिमुखिकरण तथा स्वमुल्यांकन कार्यशालाबाट प्राप्त सुझावहरुलाइ अक्षरस पालना गरिनेछ ।
- यस गाउँपालिका र मातहतका कार्यलयहरुमा कार्यरत करार कर्मचारीहरुको तलवभत्ता वृद्धि गरिनेछ।

**खानेपानी सरसफाई तथा स्वच्छता तर्फ:**

- वास रणनितीक योजना तयारी गरिनेछ।
- नमूना टोल छनौट तथा सरसफाई अभियान संचालन गरिनेछ।
- गाउँपालिकाका मुख्य बजार क्षेत्रमा फोहर व्यवस्थापनका लागि बजार सरसफाई समिति गठन/पुन: गठन गरिनेछ।
- पूर्ण सरसफाई सम्वन्धि तालिम गोष्ठि तथा जनचेतना अभिबृद्धिमूलक कार्यक्रम (वडा स्तरमा) गरिनेछ ।
- बजार तथा गाउँ क्षेत्रका फोहोरको उचित व्यवस्थापन गर्ने सम्वन्धि तालिम तथा प्रचार प्रसार सामाग्री वितरण गरिनेछ।
- बाल क्लव, युवा, स्वास्थ्य सरसफाई समिति, महिला स्वास्थ्य तथा सरसफाइ समिति र स्वास्थ्य तथा सरसफाई कक्षा सञ्चालन गरिनेछ।
- टोल तथा वडा स्तरीय अनुगमन गरिनेछ।
- गाउँपालिका स्तरीय सरसफाई सम्मेलन गरिनेछ।
- खानेपानी गुणस्तर सम्वन्धी जनचेतना अभिबृद्धि गरिनेछ।
- सुधारिएको चुलो प्रर्वद्धन तथा भकारो सुधार सम्बन्धी सहजीकरण गरिनेछ।
- एक घर एक धाराको नीतिलाई निरन्तरता दिईनेछ।

**महिला बालबालिका तथा सामाजिक विकास तर्फ :**

- विपन्न, असहाय, यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिलाहरुका लागि अल्पकालिन सेवा केन्द्र, मनोसामाजिक विमर्शकर्ता र आयआर्जनको लागि आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

- महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरि स्थानीय व्यवसायी महिलाहरुद्धारा उत्पादित व्यावसायिक उत्पादनलाई राष्ट्रिय स्तरको बजारमा पहिचान गरि विगतमा संचालित ग्रामिण व्यावसायको निरन्तरता दिईनेछ ।
- लैंगिक तथा घरेलु हिंसा,यौन शोषण लगायत जोखिममा परेका एकल महिला ,यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धनसम्बन्धि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिला माथि हुने सबै प्रकारका विभेद (सामाजिक ,लैंगिक ,यौनिक ,भाषिक सांस्कृतिक धार्मिक ,शैक्षिक ) जस्ता विभेदहरुलाई निषेध तथा निरुत्साहित गरिनेछ ।
- हिंसा पीडित तथा प्राभावीत महिला एवं बालबालिका र यौनिक तथा लैंगिक अल्पसंख्यकहरुका लागि तत्काल उद्धार ,राहत ,निशुल्क कानूनी सहायता ,मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम गर्नको लागि महिला उद्धार तथा सहायताकोष स्थापना गरिनेछ ।
- हिँसा पीडित महिला तथा बालबालिकाहरुलाई न्यायमा सहज पहुँच पुर्याउन न्यायिक समितिमा निशुल्क कानून व्यवसायीको व्यवस्था गरिनेछ ।
- महिला विकास समिति गठन तथा परिचालन कार्यविधि गाउँ कार्यपालिकाबाट पारित गरी लागु गरिनेछ ।
- अपाङ्गता भएका सबै व्यक्तिहरुलाई परिचय पत्र प्रदान गरिनेछ ।
- अपाङ्ग भएका व्यक्तिहरुका लागि सचेतनामुलक ,स्वरोजगारमूलक, व्यवसायीक तथा सीपमूलक कार्यक्रममा सहभागी गराई आत्मनिर्भर बनाउन सयोग गरिनेछ ।
- अब देखि निर्माण हुने सरकारी भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाईनेछ ।
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका योगदान अन्तरपुस्ता ज्ञान अनुभव र सिप हस्तान्तरणलाई उच्च महत्व दिईनेछ ।
- जेष्ठ नागरिकहरुलाई कानून प्रदत्त सहज पुर्युउन सरोकारवाला हरु सँग सहकार्य बढाई जेष्ठ नागरिक परिचयपत्र घुम्ती शिविर परिचालन गर्ने ।
- विपन्न असहाय, यौन दुर्व्यवहार, लागु औषध दुर्व्यसनमा परेका बालबालिकाहरुका लागी अल्पकालीन सवा केन्द्र, मनोसामाजिक विमर्शकर्ता आयआर्जनको लागी आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।
- बालश्रमिक तथा बालश्रम उन्मूलन लक्षित कार्यक्रमहरुको तर्जुमा तथा बाध्यात्मक बालश्रम आश्रित परिवारका लागी पनि कार्यक्रमबाट सम्बोधन गरी बालश्रम उन्मूलन गरिनेछ ।
- बालबालिका माथि हुने सबै किसिमका हिंसा, शोषण, दुर्व्यहार अन्त्य गरी बालमैत्री गाउँपालिका स्थापना गरिनेछ ।
- बालअधिकार समिति गठन कार्यविधि र बाल समूह गठन सहजीकरण निर्देशिका निर्माण गरी लागु गरिनेछ ।
- दलित समुदायहरुमा रहेको परम्परागत सीपज्ञानलाई व्यवसायीकरण र आयआर्जनमा वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।
- जातीय छुवाछुत मुक्त घोषणा वडालाई निरन्तरता दिईनेछ ।

- समाजमा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुलाई तालिम तथा चेतना अभिवृद्धि गरि सामाजिक अभियानमा संलग्न हुनको लागि प्रोत्साहित गरिनेछ।

**पंजीकरण विभाग तर्फ :**

- नेपाल सरकारले तोकेका प्रत्येक नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता पाउन हक पुगेका सबै नागरिकलाइ प्रणालीमा ब्यावस्थापन गरि सुबिधाबाट बन्चित गरिने छैन।
- उमेर पुग्न लागेका सम्भावित लाभग्राहीको विवरण यकिन गरि अनलाइन प्रणालीमा प्रविष्ट गरिनेछ।
- भौगोलिक समस्या ग्रामिण भेगका नागरिकलाई पायक पर्ने स्थानबाट सेवा दिईने छ वा घर दैलो अभियान संचालन गरिनेछ।
- प्रत्यक माडी गाउपालिका भित्रका नागरिकको कर्तब्य रहेको घटना दर्ता लाइ सत प्रतिशत गर्न घरदैलो अभियान वा पायक पर्ने स्थान छनोट गरि सिबिर या अभियान संचालन गरिनेछ।
- प्रविधिमैत्री भएकोले सबै सामाजिक सुरक्षा तथा पन्जिकरण को काम अनलाइन प्रविधिबाट थप व्यवस्थित गरिनेछ।
- आधुनिक तथा नयाँ प्रविधि अनुसारको अनलाइन तालिम को व्यवस्था गरिने छ।
- घटना दर्ता समयमै गर्नु पर्ने चेतना अभिभावक सम्म पुर्याउन प्रत्यक बिद्यालय, क्लव, संघ सस्था र सरोकारवाला हरुलाई अभिमुखिकरण तथा अन्त्रकिया कार्यक्रम गरिनेछ।
- नेपाल सरकारको प्राथमिकतामा रहेको सामाजिक सुरक्षा तथा पन्जिकरणको कार्यक्रमलाई पनि प्राथामिकतामा राखिनेछ, र विभागबाट विनियोजित बजेट र माडी गाउपलिकाको समपुरक साझेदारी रकम लाइ बिषयगत तथा क्षेत्रगत बिनियोजन गरि तोकिएको क्रियाकलापमा उपयोगी ढंगबाट खर्च गरि कार्यन्वयन गरिनेछ।
- आमनागरिक लाई वडाबाट छिटो छरितो डिजिटल प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ, ऐन नियम तथा कानून अनुसार मिल्ने कुनै पनि सेवाबाट वन्चित गरिने छैन, उपकरण प्रविधिको आवश्यक व्यवस्था गरिनेछ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ :**

- स्थानीय तहमा उद्योग विकास शाखाको स्थापना र सरलिकरण गरिनेछ।
- उद्यम विकास तथा रोजगार सृजना सम्बन्धि दिगो विकासको रणनीतिक योजना तयार गरिनेछ ।
- गरिबी निवारणकालागी लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशीलता विकास, वित्तीय पहुँचमा वृद्धि र उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा सहयोग गरी आर्थिक तथा प्राविधिक रुपमा वृद्धि भई जीविकोपार्जनमा टेवा पुर्याईने छ ।

- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाहरुलाई स्थानीय प्रदेश तथा संघीय बजारमा पहिचान गराई बजारको माग, श्रोत साधनको उपलव्धता र जनचाहानामा आधारित उद्यमहरुको स्थापना र विगतमा संचालित उद्यमीहरुको स्तरोन्नती वा निरन्तरता दिईनेछ।
- स्थानीयतह मार्फत नयाँ उद्यमी सिर्जनाको लागि तथा विगत ३ वर्ष वा सो भन्दा पहिला व्यवसाय गर्दै आएका संचालित लघु उद्यमीकोलागी प्राविधिक सिप विकास तालिम तथा आवश्यकता अनुसार उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ।
- कोभिड १९ का कारण रोजगारी गुमाएकाहरुलाई व्यवसायमुलक तालिम प्रदान गरि व्यवसाय तिर उन्मुख गराईने छ।
- यस पालिकामा आर्थिक तथा सामाजिक रुपमा उत्पिडनमा पारिएका समुदाय जस्तै दलित महिला, जनजाती, आर्थिक हिसावले विपन्न, किसान, मजदुर र बेरोजगार व्यक्तिहरुलाई रोजगार सिर्जना गराई सो लघु उद्यमको सिर्जना गरिनेछ।
- उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको दिगो विकास र क्षमता अभिवृद्धि गरिनेछ।
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ को निर्णयबाट पारित भएको गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मेड मोडेल बमोजिम सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सिप विकास तालिम, वित्तीय सेवामा पहुँच, प्रविधिमा पहुँच बजारीकरण सहयोग तथा व्यवसायिक परामर्श तथा ६ वटा संघिय सरकारको ससर्त अनुदानमा संचालित गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**प्रधानमन्त्री रोजगार तर्फ :**

- आ.व. २०७८/०७९ को लागि सुचीकृत भएका बेरोजगार ब्यक्तिहरुलाई प्राथमिकता आधारमा क्रमस तोकिएको अवधीसम्म न्युनतम रोजगारी प्रदान गरिने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट शसर्त अनुदानको रुपमा प्राप्त भएको बजेटबाट बाहेक यस पालिकाबाट पनि आवश्यक बजेटको ब्यबस्था गरी रोजगारमा संलग्न नभएका सुचीकृत बेरोजगार ब्यक्तीहरुलाई प्राथमिकिकरणको आधारमा न्युनतम रोजगार उपलब्ध गराइने छ।
- पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुको स्थानीय, गैरस्थानीय तथा औजार खरिदको लागि आवश्यक बजेटको ब्यबस्था गरिने छ।
- गाँउपालिका तथा सम्बन्धित वडा पालिका अन्तर्गत सञ्चालन हुने आयोजनाहरुमा आवश्यक श्रमिक खटाउदा सुचीकृत बेरोजगार ब्यक्तिहरुको सुचीबाट नै श्रमिकको ब्यबस्था गरिने छ।
- यस पालिका बाहेकका अन्य निकायबाट सञ्चालित आयोजनाहरुमा आवश्यक श्रमिक खटाउदा सम्बन्धित आयोजना सञ्चालकहरुसंग समन्वय गरी सुचीकृत बेरोजगार ब्यक्तिहरुलाई नै खटाइने ब्यबस्था गरिने छ।

- सुचीकृत भएका बेरोजगार ब्यक्तीहरुलाई प्राथमिकताको आधारमा थप रोजगार तथा स्वरोजगार बनाउन रोजगारमुलक सीप तथा तालिमको ब्यबस्था गरिने छ।

**बहुक्षेत्रीय पोषण तर्फ :**

- यस गाउँपालिकामा महिला, किश्वोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न लाई यस आ.व.का लागी यस माडी गाउँपालिकामा आवश्यक रकम सम्पुरक कोष (Matching Fund) को व्यवस्था गरिनेछ।
- बहु क्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीयशासन (NFLG) अबलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागी विशेष अभियान संचालनगर्ने छ। यसकालागी एक वडा एक नमुना गाउँको अभियान यसै वर्षबाट कार्यान्वयन गरिनेछ।वडाले प्राप्त गर्ने बजेटबाट समेतबजेट बिनियोजन गरि वार्ड घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ। यस वर्ष २ वार्डलाई पोषण मैत्री वार्ड घोषणा गरिनेछ।
- गाउँपालिकाको पोषण सम्बन्धि सूचना तथ्यांकहरुको व्यवस्थापनको कमी भएको कुरालाई महशुस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय पोषण पाश्र्व चित्र (Nutrition Profile ) यसै वर्ष भित्रतयार गरिनेछ।
- दिगो विकास लक्ष्य हासिल गर्न तोकिएको कार्यमा पोषणको महत्वपूर्ण भूमिका रहेकाले एक घर एक करेसावारी बाह्रै महिना हरिया तरकारी कार्यक्रम कार्यान्वयनका लागि विषयगत शाखाको सहकार्यमा आगाडी बढाईनेछ।
- पोषण सुधार गर्ने कार्यको लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गरि नियमित अनुगमन गरिनेछ ।

**फोहोर मैला व्यवस्थापन नीति:**

- कुहिने नकुहिने फोहोरहरु धातु जन्य, प्लाष्टिक जन्य फोहोर छुट्याई पुन प्रयोग गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ।
- टोल सुधार समितिको गठन गरि सो समितिको क्रियाशीलता बढाई समितिका पदाधिकारीका लागी तालिमको व्यवस्था गरिनेछ। टोल सुधार समिति सँग सहकार्य गरि बजार सरसफाई अभियानलाई निरन्तरता दिईनेछ।
- घर्तिगाउँ बजारको फोहोरफमैला व्यवस्थापनको लागि ज्वाबाङ डम्पिङ साईटलाई थप व्यवस्थित गरिनेछ।

**सूचना तथा संचार प्रविधि तर्फ:**

- गाउँपालिकाको कार्य सम्पादनलाई छिटोछरितो,प्रविधिमैत्री, पारदर्शी र गुणस्तरियता कायम गर्दै सूचना तथा प्रविधिको अधिकतम उपयोग मार्फत शासन प्रणालीलाई स्थानीय तहबाट नै सूदृढिकरण गरिनेछ ।
- सेवाग्राहीको लागी जारि गरिने नागरिक बडापत्रलाई अद्यावधिक गरि सबै तह विभाग र वर्गको पहुँचमा पुर्याउनका लागी लागु गरिएको सूचना बोर्ड, मोबाइमा एप्स सामाजिक संजाल र वेबसाइट मार्फत जानकारी गराई नागरिकको सुचनामा सहज पहुँच पुर्याउने व्यवस्थाको थप सूदृढिकरण गरिनेछ । साथै डिजिटल बडापत्र र टोल फ्री नं. को व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका हरेक सूचना तथा सामाचार, वडा कार्यालयहरुको विवरण, कार्यक्रमहरु मासिक/ चौमासिक/ वार्षिक प्रतिवेदन, लेखा प्रतिवेदन, अनुगमन प्रतिवेदन, आय व्यय विवरण सार्वजनिक सुनुवाई ऐन कानुन निर्देशिका, कर शुल्कहरु र कार्यालय सम्पर्क विवरण वेबसाइट/ एप्स मार्फत नियमित उपलव्ध गराईनेछ ।
- कोभिड १९ रोकथाममा नेपल सरकारले गरेको लकडाउनलाई मध्येनजर गरि इन्टरनेटको पहुँच विद्यार्थीसम्म पुर्याई अनलाईन, अडियो, भिडियो तथा अन्य कन्फेरेन्स टुल मार्फत शिक्षण शिकाई क्रियाकलाप अघि बढाईनेछ ।
- गाउँपालिकाको विकास तथा सेवा प्रवाहको क्रममा नागरिक स्तरबाट आउने जनगुनासो, सेवाग्राही तथा कर्मचारीको गुनासो सुनुवाई र सकारात्मक सुझावहरु संकलन तथा कार्यान्वयन गर्नका लागि संचालनमा ल्याईएको विधुतिय प्रणाली मार्फत जस्तै टोलफ्री सेवा र अनलाईन सेवालाई थप व्यवस्थित गरिनेछ ।
- चुस्तदुरुस्त सेवा प्रवाहका लागी आवश्यक इन्टरनेटका लागि फाइवर लाईनको व्यवस्था गरिनेछ । सम्पूर्ण वडा तथा विद्यालयमा इन्टरनेट सेवाको पहुँच पुरयाई (Paper Less) सेवाका लागी ईमेल इन्टरनेट मार्फत पत्राचार, सूचना तथा जानकारी आदानप्रदानको व्यवस्था गरिनेछ ।
- सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै गाउँपालिकामा हेल्पडेस्क तथा सोधपुछ कक्षबाट प्रवाह हुने सेवाको छुट्टै व्यवस्था गरिनेछ ।
- गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यमिक विद्यालयमा विद्युतीय हजिरिको केन्द्रकृत (Centralized) सिस्टमको व्यवस्था गरि दैनिक हाजिरी अभिलेखको व्यवस्था गाउँपालिकामा गरिनेछ ।
- गाउँपालिकामा राजश्व अभिलेख चुस्त दुरुस्त राख्नका लागी राजश्व सफ्टवेयर र खरिद इकाई सफ्टवेयर समेत व्यवस्था गरिनेछ ।
- गाउँपालिकाबाट कार्यान्वयन हुने ठुला योजना, कार्यक्रममा वित्तीय जोखिम न्यूनीकरणका लागी निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिष्पर्धात्मक बनाउन वार्षिक खरिद योजना बनाई E-Biddinig लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । उक्त कार्यका लागी कार्यालयका जनशक्तिलाई तत्सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाह चुस्तदुरुस्त संचालन गर्नका लागी कर्मचारी, जनप्रतिनिधि, विद्यालय कर्मचारीलाई इमेल इन्टरनेट र आधारभूत कम्प्युटर तालिमको व्यवस्था गरिनेछ ।

**न्याय व्यवस्थापन सम्बन्धि नीति :**

- समाजमा अनावश्यक रुपमा हुन सक्ने विवाद र मुद्धा मामिलालाई प्रारम्भिक चरणमै स्थायी समाधान गर्ने व्यवस्था मिलाईनेछ। साथै गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।
- पिछडिएको वर्ग र क्षेत्रका व्यक्तिहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रम सन्चालन गरिनेछ।
- कानून विज्ञहरुबाट न्यायिक समिति जनप्रतिनिधि र कर्मचारी लगायतलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा सुचिकृत मेलमिलाप कर्तालाई आवश्यक तालिम प्रदान गरि परिचालन गरिनेछ ।
- न्यायिक समितिका दैनिक क्रियाकलाप संचालन गर्नको लागि सम्बन्धित क्षेत्रको एकजना कर्मचारीको व्यवस्था गरिनेछ।

**विधेयक सम्बन्धि नीति :**

- स्थानीय तहका अधिकारको अधिकतम प्रयोग गर्ने गरि गाउँपालिकाका लागि आवश्यक ऐन नियमहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सरोकारवाला हरुको सहभागितामा गाउँपालिकाको आफ्नो कार्यक्षेत्र सँग सम्बन्धित विषयमा आवश्यक ऐन, कानून र कार्यविधिहरु तर्जुमा गरि कानूनको शासनलाई प्रभावकारी बनाईने छ।
- गाउँपालिकाले बनाएका ऐन नियम निर्देशिका, कार्यविधि तथा नीतिहरु संघीय र प्रदेश सँग बाझिएको पाईएमा त्यसको परिमार्जन र सुधार गरिनेछ ।
- गाउँपालिका बासिहरु सँग बढी सरोकार राख्ने नीति नियमहरुलाई प्राथमिकतामा राखिनेछ।

**राजश्व सम्बन्धि नीति :**

- कर दाता परिचय पत्र, करदाता परिचयपत्र सम्बन्धि अभियान, करदाता परिचयपत्र सम्बन्धि कार्यदल बनाई, ऐन, नियम तथा निर्देशिका जारि गरि सम्पत्ति सो घोषणा समेत आ.व २०७८/०७९ असोज सम्म राजश्व सुधार योजनामा टेवा पुर्याईनेछ।
- राजश्व संकलन व्यवस्थित गर्नको लागि सफ्टवेयरको व्यवस्था गरिनेछ।
- आन्तरिक राजश्व वृद्धि गर्नका लागि राजश्वका दायराहरू विस्तार गरिनेछ।

गाउँ सभाका सदस्यज्यूहरु,
अन्य उपस्थित महानुभावहरु,

यो नीति तथा कार्यक्रम प्रस्ताव गर्दा सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गराउने, सम्वृद्धि माडी गाउँपालिकाको दिर्घकालिन उद्देश्य प्राप्त गर्ने  र ध्यय लाई केन्द्रमा राखिएको छ। यो नीति तथा कार्यक्रमबाट जनताको सहभागिता  साथै सबै खाले सामजिक विभेदको अन्त्य, नागरिक सवलिकरण, ज्ञान र सिप तथा नव प्रवर्द्धनमा आधारित उत्पादन प्रणाली प्रविधि विकास मार्फत श्रमको उत्पाकत्व वृद्धिको अवस्थाले समाजवादको मार्ग प्रसस्त गर्दछ भन्ने मेरो विश्वास छ।